annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २३७, पृष्ठ ८ | काठमाडौं, सोमबार २१ पुस २०८२ | माघ कृष्णपक्ष द्वितीया, नेपाल संवत् ११४६ | MONDAY, JANUARY 5, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## चुनाव आयो, देशले निकास पाओस्









जेन-जी आन्दोलनपछि प्रतिनिधिसभा विघटन भयो । अन्तरिम सरकारले फागुन २१ मा प्रतिनिधिसभा निर्वाचन तोकेको छ । राजनीतिक र संवैधानिक संकटबाट देशलाई 'लिक' मा ल्याउन चुनाव तोकिएकै मितिमा हुनुपर्ने नागरिक आवाज छ । अन्नपूर्णले देशभरका जनतासँग चुनाव आयो, कस्तो लागेको छ ? भनेर सोधेको थियो । अधिकांशको भनाइ एउटै छ- तोकिएकै मितिमा चुनाव होस् । राजनीतिक र संवैधानिक संकट अन्त्य भएर देश विकास र समृद्धिको पथमा अघि बढोस् ।'

**प्रस्तुति :**
**लक्ष्मण पोखरेल/ रत्नप्रसाद आचार्य/ कृष्णमणि बराल/ गोविन्द महतो/ सुन्दर शिरीष/ हिक्मत नेपाली/ भवानी खड्का/ महादेव अवस्थी/ सरोज पौडेल**



समाचार पृष्ठ २,३



## भेनेजुएलाको अन्तरिम राष्ट्रपति रोड्रिगेज



**काराकास** (एजेन्सी) : अमेरिकाले आक्रमण गरी भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरोलाई शनिबार नियन्त्रणमा लियो। उनको अनुपस्थितिमा भेनेजुएलाको राष्ट्रपति को होला? भन्ने सर्वस्त्र चासो थियो। त्यहाँको सर्वोच्च अदालतले उपराष्ट्रपति डेल्सी रोड्रिगेजलाई अन्तरिम राष्ट्रपतिको रूपमा कार्यभार सम्हाल्न आदेश दिएको छ।

अदालतको यो आदेशलाई देशमा उत्पन्न असामान्य राजनीतिक परिस्थितिका बीच सरकारको निरन्तरता सुनिश्चित गर्ने कदमका रूपमा हेरिएको छ।

सर्वोच्चले राष्ट्रपतिको अनुपस्थितिका कारण राज्यसत्ता शून्य नहोस्, सरकारी संयन्त्र अवरुद्ध नहोस् र राष्ट्रिय सुरक्षा कमजोर नपरोस् भन्ने उद्देश्यले उपराष्ट्रपतिलाई अस्थायी रूपमा राष्ट्रपतिको जिम्मेवारी दिनु आवश्यक ठहर गरेको हो।

अदालतको आदेशमा भनिएको छ, 'प्रशासनिक निरन्तरता कायम राख्न, सरकारी निर्णय प्रक्रिया सुचारु राख्न तथा देशको सार्वभौमसत्ता र सुरक्षा सुनिश्चित गर्न अन्तरिम नेतृत्व अपरिहार्य हुन्छ।' यसै आधारमा उपराष्ट्रपति रोड्रिगेजलाई अन्तरिम राष्ट्रपतिको भूमिका प्रदान गरिएको जनाइएको छ।

साथै, अदालतले राष्ट्रपतिको जबरजस्ती, असामान्य वा अप्रत्याशित अनुपस्थिति जस्ता अवस्थामा लागू हुने संवैधानिक तथा कानुनी प्रावधानहरूबारे थप व्याख्या आवश्यक रहेको उल्लेख गरेको छ। यस विषयमा विस्तृत कानुनी समीक्षा र थप विचार-विमर्श गरिने अदालतको भनाइ छ।

उपराष्ट्रपति रोड्रिगेज मादुरो सरकारकी प्रभावशाली नेतृका रूपमा चिनिन्छिन्। उनले यसअघि विदेश मन्त्रीलगायत महत्वपूर्ण जिम्मेवारी सम्हालिसकेकी छन्। सरकारको नीतिगत निर्णयमा उनी महत्वपूर्ण भूमिकामा रहँदै आएकी छन्।

## 'गोली ठोक' भन्ने ओलीले अन्ततः दिए लिखित बयान

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

'गोली ठोके हुन्छ, बयान दिन्न' भन्ने कडा अडानमा रहेका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले अन्ततः भदौ २३ र २४ गतेका घटना छानबिन आयोगलाई बयान दिएका छन्। एमाले अध्यक्ष ओलीलाई बयानका लागि पत्र थमाउन आयोगका कर्मचारी भक्तपुर गुन्डुस्थित उनको निवास पुगेका थिए।

ओलीले टोलीलाई (पहिल्यै तयार पारेर राखेको) लिखित बयान थमाएर पठाएका हुन्। आयोगका प्रवक्ता विज्ञानराज शर्माले ओली निवासमै पुगेर बयान लिइएको पुष्टि गरे। 'उहीँ (गुन्डु) गएर बयान लिइएको हो,' उनले भने। आयोगको टोली करिब डेढ घण्टा ओली निवासमा बसेको थियो। टोलीले कुरा सुने पनि औपचारिक बयान भने लिखित रूपमा मात्रै लिइएको हो।

ओलीले आयोगमा आएर बयान नदिने अडान लिँदै आएका थिए। तर, केही समयअघि प्रधानमन्त्री सुशीला कार्कीसँगको भेटमा उनले 'बयान लिनु छ भने निवासमै पठाइदिनु' भन्ने सन्देश दिएका थिए। सोहीअनुरूप आयोगको टोली गुन्डु पुगेको थियो।



अब उक्त घटनामा बयान लिने प्रक्रिया सकिएको आयोगले जनाएको छ। प्रवक्ता शर्माका अनुसार आयोगले १ सय ५० भन्दा बढी व्यक्तिसँग बयान लिइसकेको छ। अब प्रतिवेदन तयार पारेर सरकारलाई बुझाउने तयारी भइरहेको उनले बताए।

यसअघि गत सोमबार आयोगले तत्कालीन गृहमन्त्री रमेश लेखकलाई आयोगमै बोलाएर बयान लिएको थियो। कांग्रेस नेता लेखकले बयान दिएलगत्तै उनको स्थानहद फुकुवा गरिएको थियो।

गत असोज १२ गते बसेको आयोग बैठकले ओली, लेखक, तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन प्रमुख हुतराज थापा र काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई विदेश भ्रमणमा रोक लगाउने तथा आयोगको स्वीकृतिबिना काठमाडौं उपत्यका नछाड्न निर्देशन दिएको थियो।

अवकाशलगत्तै तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङलाई पनि स्थानहद तोकिएको थियो। बयान सकिएसँगै ओलीबाहेक सबैको स्थानहद फुकुवा भइसकेको छ। अब ओलीको पनि स्थानहद फुकुवा हुने सम्भावना रहेको आयोग स्रोतले जनाएको छ।

जेन-जी आन्दोलनका क्रममा भदौ २३ प्रहरीले बर्बतापूर्वक गोली चलाएको थियो। त्यस क्रममा १९ जनाको ज्यान गएको थियो। भोलिपल्ट २४ गते आन्दोलनले उग्ररूप लियो। सिंहदरबारलगायत सार्वजनिक र व्यक्तिगत भवन जलाइए। बालुवाटारमा पनि प्रदर्शनकारी आगजनी गर्दै पुगेपछि तत्कालीन प्रधानमन्त्री ओलीले राजीनामा दिएका थिए। नेपाली सेनाले हेलिकप्टरमार्फत उनको उद्धार गरेको थियो।

सुशासन, भ्रष्टाचार नियन्त्रण र सामाजिक सञ्जालमाथिको प्रतिबन्धविरुद्ध 'जेन-जी' युवाको नेतृत्वमा सुरु भएको आन्दोलनले ल्याएको परिवर्तनसँगै राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बनाए। र, फागुन २१ गते निर्वाचन गर्ने गरी कार्यभार सुम्पिए। त्यही सरकारले लगत्तै प्रतिनिधिसभा विघटन गरेको थियो।

» बाँकी पृष्ठ ६

## भीमफेदीको जुरिखेतमा सुमो दुर्घटना, ६ को मृत्यु



**सरोज पौडेल** | *हेटौंडा*

मकवानपुरको भीमफेदी गाउँपालिका-६ जुरीखेतमा सुमो दुर्घटना हुँदा ६ जनाको मृत्यु भएको छ। सुमोमा सवार ९ जना घाइतेलाई उपचारका लागि हेटौंडा लगिएकोमा उपचारको क्रममा गम्भीर घाइते ६ जनाको मृत्यु भएको हो। मृतकको पहिचान खुल्न सकेको छैन। अन्य एक गम्भीर घाइते अवस्थामा छन् भने २ जना मध्यम अवस्थामा उपचाररत छन्। आइतबार साँझ साढे ५ बजे भीमफेदी कुलेखानी काठमाडौं सडक खण्डमा काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको ना.१ज १७७८ नम्बरको सुमो गाडी सडकबाट करिब १०० मिटर तल खोल्सामा खसेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका डीएसपी पुस्कर बोगटीले जनाए।

## हिमाली जिल्लामा हेलिकप्टरबाटै निर्वाचन सामग्री ढुवानी

**राजकरण महतो** | *काठमाडौं*

निर्वाचन आयोगले दुर्गम जिल्लामा हेलिकप्टरबाट निर्वाचन सामग्री ढुवानी गर्ने तयारी गरेको छ। केही हिमाली र विकट जिल्लामा मतपत्र, मतदाता नामावलीसहितका निर्वाचन सामग्री ढुवानी गर्न आयोगले हेलिकप्टर भाडामा लिने निर्णय गरेको हो। मौसमी वा सुरक्षाको दृष्टिकोणले कठिन अवस्थामा मतपेटीका हेलिकप्टरबाटै गणनास्थलसम्म पुर्‍याइन्छन्। अन्य जिल्लामा भने स्थलमार्गबाटै मतपत्रसहतिका निर्वाचन सामग्री ढुवानी गर्ने आयोगले जनाएको छ। निर्वाचन सामग्रीलाई आयोगले अतिसंवेदनशील सूचीमा राखेको छ।

सुरक्षाका हिसाबले विकट र हिमाली जिल्लामा सवारीसाधनबाट मतपत्रलगायतका निर्वाचन सामग्री काठमाडौंबाट पठाउन उच्च जोखिम हुने आयोगको ठम्याइ छ। त्यसैले निर्वाचनलाई सुरक्षित र मर्मादित बनाउन काठमाडौंबाट हेलिकप्टरमा ती सामग्रीहरू ढुवानी गरिने आयोगको भनाइ छ। सार्वजनिक खरिद ऐनअनुसार हेलिकप्टर भाडामा लिन सार्वजनिक सूचना निकालिएको आयोगका सहसचिव तथा प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए।

निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ मा टेकेर निर्वाचन सामग्री ओसारपसार गर्न हेलिकप्टर भाडामा लिन लागेको हो। निर्वाचनका लागि मालसामान, सेवा वा वस्तु खरिद गर्न सक्ने व्यवस्था कानुनी व्यवस्था छ। 'आयोगले निर्वाचन प्रयोजनका लागि आवश्यक वस्तु वा सेवा खरिद गर्दा सार्वजनिक खरिदसम्बन्धी प्रचलित कानुनबमोजिम गर्नुपर्नेछ,' ऐनमा भनिएको छ, 'तर निर्वाचनका सम्बन्धमा तत्काल व्यवस्थापन गर्नुपर्ने भएमा तोकिएबमोजिमका निर्वाचन सामग्रीहरू खरिद गर्दा वा सेवा प्राप्त गर्दा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनको प्रक्रिया पूरा गर्न सम्भव नभएको अवस्थामा आयोगले आधार र कारण खुलाई छिटो माध्यमबाट वा सोझै बजारबाट मालसामान खरिद गर्न वा सेवा प्राप्त गर्न सक्नेछ।'



**विगतका निर्वाचनका लागि निर्वाचन आयोगले दुर्गम जिल्लामा नेपाली सेनाको हेलिकप्टरबाट ढुवानी गरेर पठाएको मतपत्रसहितका निर्वाचन सामग्रीसहितको दृश्य।** ● फाइल फोटो



तोकिएको मितिमा निर्वाचन सम्पन्न गराउने कर्तव्य र दायित्व हामी सबैको हो । निर्वाचनको विकल्प निर्वाचन नै हो ।

**रामप्रसाद भण्डारी,**
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त

### ढुवानीको योजना बनाउन कार्यदल गठन

आयोगले देशैभरि निर्वाचन अधिकृत, मतदानस्थलमा हेलिकप्टरसहित ट्रक/कन्टेनर र कुरियरबाट निर्वाचन सामग्री ढुवानी गर्दै छ। त्यसका लागि इच्छुक फर्म/कम्पनी सूचीकृत गर्नुपर्ने भएकाले प्रचलित कानुनबमोजिम इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीलाई आयोगले तोकेको शर्तअनुसार २४ गतेभित्र आयोगमा निवेदन दिन अनुरोध गरेको छ। त्यसैगरी केन्द्रबाट जिल्लामा हुने निर्वाचन सामग्री ढुवानीसम्बन्धी योजना बनाउन सहसचिव ज्ञानहरी घिमिरेको संयोजकत्वमा कार्यदल बनाइएको आयोगका प्रवक्ता भट्टराईले अन्नपूर्णलाई जानकारी दिए। प्रवक्ता भट्टराईले भने, 'कुन-कुन जिल्लामा हेलिकप्टरबाट मतपत्रसहितका निर्वाचन सामग्री पठाउने आयोगबाट निर्णय भएको छैन। सामग्री ढुवानीको योजना बनाउन कार्यदल बनाएका छौं। कार्यदलले दिएको प्रतिवेदनअनुसारै हुन्छ।' फागुन १० गतेभित्रमा सबै जिल्लामा निर्वाचन सामग्री आयोगले पठाइसक्ने जनाएको छ।

विगतका निर्वाचनमा आयोगले हुम्ला, मुगु, डोल्पा, मनाङ, मुस्ताङ, सोलुखुम्बु, ताप्लेजुङ, गोरखालगायतका जिल्लामा हेलिकप्टरबाट निर्वाचन सामग्री र मतपेटीका ओसारपसार गर्ने गर्थ्यो। विगतका निर्वाचनमा मतदानपछि मतपेटीका पनि हेलिकप्टरबाटै निर्वाचन अधिकृतको कार्यालयसम्म ढुवानी गरिन्थे। आयोगले यसअघि नेपाली सेनाको हेलिकप्टरबाट मतपत्रसहितका सामग्री ढुवानी गरेको थियो।

गत निर्वाचनमा सेनाका दुईवटा हेलिकप्टरबाट निर्वाचन सामग्री ओसारपसार गरिएको निर्वाचन आयोगका एक पूर्वकर्मचारीले बताए।

» बाँकी पृष्ठ ६